नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २०० २०७६ साल फागुन २७ गते मंगलबार (10 Mar. 2020 Tuesday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : रेल मार्गले सकारात्मक ... ३ पृष्ठमा : एनसेलमार्फत माइक्रोसफ्टले ३ पृष्ठमा : केजरीवालले फेब्रुअरी १६ ...

# राजपाका तर्फबाट ससदीय दलको नेतामा सिंह र प्रमुख सचेतकमा यादव चयन





**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

राष्ट्रिय जनता पार्टी (राजपा) का तर्फबाट राष्ट्रिय सभा संसदीय दलको नेतामा शेखर कुमार सिंह तथा प्रमुख सचेतकमा मृगेन्द्र कुमार सिंह यादव चयन भएका छन् ।

सप्तरी गृहजिल्ला रहेका सिंह र यादवलाई राजपा अध्यक्ष मण्डलको बैठकले सर्वसम्मतबाट सो जिम्मेवारी दिने निर्णय गरेको हो ।

राष्ट्रिय सभाका १९ सांसदको कार्यकाल सकिएपछि गत माघ ९ गते भएको निर्वाचनमा राजपाका तर्फबाट अन्य र अल्पसंख्यकको कोटामा उम्मेदवार बनेका सिंह र यादव राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका थिए ।

# मोटरसाइकल र म्याजिक भ्यान ठोकिदा दुई यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीमा आइतबार राती मोटरसाइकल र म्याजिक भ्यान ठोकिदा दुई यूवकको ज्यान गएको छ ।

पुर्व पश्चिम राजमार्ग अन्तर्गत सप्तरीको महुली खण्डमा आईतबार राती मोटरसाईकल र म्याजिक भ्यान ठोकिएर दुर्घटना हुँदा दुई जनाको ज्यान गएको छ ।

पश्चिमबाट पुर्व तर्फ आईरहेको स.५प. ९५४५ नम्बरको मोटरसाईकल र विपरित दिशाबाट गईरहेको ना.३प. ८५२८ नम्बरको म्याजिक भ्यान एक आपसमा ठोकिएर दुर्घटना भएको हो ।

सो दुर्घटनामा परि मोटरसाईकल चालक सप्तरीको अग्नीसाईर कृष्णाशवरण गाउँपालिका ५ बस्ने २६ बर्षिय प्रकाश चौधरी र सोही मोटरसाईकलमा पछाडी सवार अग्नीसाईर कृष्णाशवरण गाउँपालिका ६ बस्ने २३ बर्षिय अनिल चोधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

टाउँकोमा गम्भीर चोट लागेका दुवै जनाको विराटनगरस्थित नोबेल हस्पिटलमा उपचारको क्रममा सोमबार विहान मृत्यु भएको प्रहरीले जनाएको छ । तिब्र गतिका कारण अनियन्त्रित भई सो दुर्घटना भएको प्रहरीको अनुमान छ । प्रहरीले म्याजिक भ्यान र चालकलाई नियन्त्रणमा लिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
राजविराज, सप्तरी

प.सं. :२०७६/०७७ (प्रशा.)
च.नं.

फोन : ०३१-५२०८३२
०३१-५२०१७४
फ्याक्स :०३१-५२०६२४

मिति :- २०७६/११/२३

**जिल्ला प्रशासन कार्यालय सप्तरीको स्वास्थ्य सजगता सम्बन्धी सूचना ।**

छिमेकी देश चीन लगायत विश्वका विभिन्न देशमा नोवेल कोरोना भाइरस (COVID 19) को संक्रमण देखिएको र विश्व स्वास्थ्य संगठनका अनुसार नेपाल समेत नोवेल कोरोना भाइरसको संक्रमणको उच्च जोखिममा रहेको हुँदा सो रोगबाट बच्न देहाय अनुसार गर्न/गराउन आम सर्वसाधारणमा हार्दिक अनुरोध छ ।

१. रूघाखोकी, ज्वरो र स्वासप्रस्वासमा समस्या देखिएमा नजिकको स्वास्थ्य संस्थामा जचाउँन जाऔं,
२. नियमित रूपमा सावुनपानीले हात धुने गरौं,
३. मेला, महोत्सव, भोजभतेरको आयोजना नगरौं,
४. सामान्य रूघाखोकी लागेमा घरमै आराम गरौं,
५. खोक्दा वा हाछयुं गर्दा नाक र मुख छोप्ने गरौं,
६. जंगली तथा घरेलु पशुपन्छीबाट टाढा रहौं,
७. माछा, मासु, अन्डा जस्ता पशुजन्य खानेकुरा राम्रो संग पकाएर मात्र खाने गरौं,
८. भिडभाड भएको स्थानमा आवतजावत नगरौ तथा नजाऔं,
९. कपडाको मास्कको प्रयोग गर्दा सफा गरेर मात्र प्रयोग गरौं,
१०. अभिवादन गर्दा हात नमिलाउँ, नमस्कारबाट सिष्टाचार आदानप्रदान गरौं,
११. फ्लु जस्तो लक्ष्ण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहौं,
१२. आउँदै गरेको महान चाड होली पर्व सके सम्म घर भित्रै सिमित रहेर मनाऔं ।

जनार्दन कट्टेल
प्रशासकीय अधिकृत

web: www.daosaptari.moha.gov.np email:daosaptari1@gmail.com




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
City Express Money Transfer
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय ....

### तामझाम बिना सौहार्दपूर्ण होली मनाऔं

प्रत्येक वर्ष फागुण पूर्णिमामा मनाइने रंगको पर्व होली आज तराईका जिल्लाहरुमा मनाइदै छ। यसअघि हिजो राजधानी काठमाडौंसहित पहाडी तथा हिमाली भेगमा मनाइएको छ। यस पर्वको होली पर्व विश्वभर फैलिएको कोरोना भाइरसको त्रासका कारण खल्लो भएको छ। जसकारण जमघट तथा सामूहिक रुपमा उपस्थित जनाएर यो पर्व मनाइएको छैन्। तर सदिऔंदेखी मनाइदै आइरहेको होली पर्व यस पटक होहल्ला, तामझाम नगरि मनाउने सबैले सकल्प गरौं।

असत्यमाथि सत्यको जीत भएको स्मरणमा मनाइने यस पर्वमा एक अर्कालाई रंग तथा अबीर लगाएर शुभकामना आदानप्रदान गर्ने गरिन्छ। होलीमा मिठो खाना खाइने चलन रहेको छ। तर, अहिले मादक पदार्थ सेवन र मासुजन्य खानेकुराको प्रयोग बढी हुन थालिएको छ। होली पर्व सद्भावको पर्वको रुपमा चिनिदैं आएपनि पछिल्लो समयमा सामाजिक सद्भाव पनि खल्बलाइने रुपमा विकसित हुँदै गएको छ। एकआसपमा कुटपिट, होहल्ला जस्ता कृयाकलापलाई रोक्नु आवश्यक छ। यस पर्वले धार्मिक सहिष्णुताका साथै सद्भाव समेत झल्काउने भएकाले पर्वमै यस किसिमको अवस्था सृजना गरी मनाइए त्यो पर्व होइन, बिकृत हुन जान्छ।

यसर्थ कसैलाई जर्वजस्ती रंग नलगाइदिएर, लोला नफ्याकेर, एकले अर्काको सम्मान गर्नसके मात्र पर्वमा सद्भाव कायम रहन सक्छ। यसर्थ होली पर्वको अवसरमा सम्पूर्ण पाठकबृन्द, बिज्ञापनदाता शुभेच्छुकसहित सबैमा हार्दिक मंगलमय शुभकामना।

# तराई-मधेशमा होलीको मौलिकता हराउँदै

सर्लाही, २६ फागुन (राससं)।

पछिल्लो सयम आधुनिकताको नाममा तराई-मधेशमा मनाइने होली पर्वको मौलिकता हराउँदै गएको छ। हरेक वर्ष फाल्गुन शुक्लपूर्णिमा तिथिअर्थात् होली पूर्णिमाको दिन मनाइने होलीमा गाइने होरी तथा जोगिरा जस्ता गीत विस्तारै लोपहुँदै गएका छन्। यसको स्थान अश्लिल भोजपुरी तथा मैथिली गीतहरूले लिन थालेको छ।

पहिले होली आउन केही दिन बाँकी हुँदा नै तराई-मधेशका गाउँ-गाउँ, टोल-टोलमा सामूहिक रुपमा होरी र जोगिरा गाउने गरिन्थ्यो। स्थानीयवासी दिनभरको सारा काम सकाएर साँझ चौक, चौतारामा जम्मा भई सामूहिकरुपमा होरी र जोगिरा गाउने गरिन्थ्यो। तर आजभोली मानिसहरू त्यो चलन विस्तारै बिर्सदैं गएका छन्। "आजभोलि गाउँदेखि शहरसम्म विभिन्न सङ्घसंस्था, सङ्गठन तथा सरकारी कार्यालयमा एकसाता अगाडिदेखिनै होलीको नाममा होली मिलन कार्यक्रमको आयोजना गरेर सामूहिकरुपमा एआपसमा शुभकामना आदानप्रदान गर्ने गरेको पाइन्छ", चक्रघट्टा गाउँपालिका औरहीका राजगिर यादवले भन्नुभयो। "अहिले जे जस्तो कार्यक्रम गरेर होली मनाए पनि होलीको मौलिकता भने हराउँदै गएको छ। विगतमा होलीमा गाइने परम्परागत होरी र जोगिरा सररररजस्ता गीत अहिले सुन्न पाइन छोडिएको छ", यादवले भन्नुभयो।

उहाँले भन्नुभयो, "आधुनिकताका नाममा आएका होली मिलनजस्ता कार्यक्रममा एकापसमा रङ्ग अबीर दलेर फोटो खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्नको लागि मात्र सीमित रहेको देखिन्छ।" यस्ता कार्यक्रम सामजिक सद्भाव बढाउने तर्फ केन्द्रित हुनुपर्नेमा केवल शुभकामना आदानप्रदान गर्नमै सीमित भएको मलङ्गवा जेसिजका पूर्वअध्यक्ष एवं सामाजिक अभियन्ता सुवोध राजोपाध्यायले बताउनुभयो। होलीका परम्परागत गीत जोगिरा सररररजस्ता गीत बज्न छोडेको उहाँको भनाइ छ। शुभकामना आदानप्रदान मात्र नभई तराई-मधेशमा गाउने गरिएका मौलिक जोगिराका गीतको पनि संरक्षणतर्फ ध्यान दिन जरुरी रहेको राजोपाध्यायले बताउनुभयो। केहीवर्ष अगाडिसम्म सर्लाहीका गाउँ गाउँ र टोल टोलमा जोगिरा सररर गीत गाएर मानिसहरूले होली मनाउँथे। अहिले भने होली मिलन कार्यक्रमको आयोजना गरेर यसलाई परम्परागत होलीलाई रेडिमेड होली बनाइदिएका छन्।

पहिले होलीमा हल्का रङ्ग र अबीर मात्र खेलिन्थ्यो। अहिलेको होली मोबिल, कालो रङ्ग, हिलो र पानीको होलीमा परिणत भएको छ। साँझ परेपछि परम्परागत होरी र जोगिरा गाइन्थ्यो। अहिलेको होलीमा साँझ परेपछि रक्सी पिउनेले समाजमा विकृति ल्याएका छन्।

आजभोलिका होली गीतमा अपाच्य शब्द प्रयोग हुने गरेका छन्। अहिले डिजेमा अश्लिल र अपाच्य भोजपुरी गीत बज्ने गरेका छन्। जसले गर्दा हाम्रो परम्परागत होली लोप हुँदै गइरहेको छ।

**हराउँदै परम्परागत होरी गीत**

तीन दशक अघिसम्म होली आउनु अघिदेखि नै गाउँगाउँमा मानिसहरू एक ठाउँमा जम्मा भएर होरी, जोगिरा जस्ता गीतहरू गाउने चलन रहेको थियो। अहिले त त्यस्ता गीत गाउन त परै जाओस् सुन्न पनि छोडिएको अभियन्ता सुवोध राजोपाध्यायले बताउनुभयो।

"पहिले होली आउनुपूर्व नै, राम खेले होली लक्ष्मण खेले होली, आ लंकामे रावण खेले होली जस्ता गीतहरू गाउँगाउँमा गुञ्जिन्थे", उहाँले भन्नुभयो, "तर आजभोलिका होली गीतमा अपाच्य शब्दहरू प्रयोग हुने गरेका छन्। डिजे बजाएर हाम्रा परम्परागत होली गीत लोप हुँदै गइरहेका छन्।"

स्थानीय बुढापाकाहरू पहिले होलीको समयमा भाङ खाने गरेको बताउँछन्। उनीहरूका अनुसार आजभोलि भाङको सट्टा खाने गरिएको रक्सीले समाजमा विकृति फैलिएको छ। पहिले साँझ परेपछि परम्परागत होरी र जोगिरा गाइन्थ्यो। अहिलेको होलीमा साँझ परेपछि रक्सी पिउनेहरूले समाजमा विकृति ल्याएको उहाँको गुनासो छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सरकारले भन्यो - उपभोग्य वस्तुको अभाव छैन, बढी मूल्य लिए कारवाही भोग्नुपर्ला

काठमाडौँ, २६ फागुन (राससं)।

सरकारले कोरोना त्रासका कारण कुनै पनि दैनिक उपभोग्य वस्तुको अभाव नभएको स्पष्ट पार्दै कालोबजारी गरिएको पाइए विद्यमान कानूनअनुसार हदैसम्मको कारवाही गर्ने चेतावनी दिएको छ।

आपूर्ति व्यवस्थालाई नियमित राख्न युद्धस्तरमा काम गरिरहेको भन्दै सरकारले त्रासको समयमा कमाउने मौका यही हो भन्दै कालोबजारी गरिए, परल मूल्यभन्दा बढी लिए, सामान भएर पनि छैन भन्दै लुकाए कालोबजारी कानून तथा अत्यावश्यक ऐनले गरेको व्यवस्थाअनुसार कारवाही हुने चेतावनी दिएको हो।

मास्क, स्यानेटाइजरजस्ता सामग्रीमा मात्रै दबाब परेको स्पष्ट पार्दै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले भन्नुभयो, "खाद्य पदार्थ, खाना पकाउने ग्यास, नुन, दलहन, खाने तेल आपूर्तिमा कुनै समस्या छैन। कहीँ कतै पनि आत्तिइहाल्नुपर्ने अवस्था छैन।" व्यापारीले रु २० मा पाइने आयोडिनयुक्त नुनको रु ४० सम्म बिक्री गरेको, खाना पकाउने एलपी ग्यास लिन लामा लामा लाइन लागेको, मास्क तथा अन्य खाद्यउपजमा समेत कालोबजारी भएको चर्को गुनासो आएपछि सोमबार पत्रकारसँगको भेटमा मन्त्री भट्टले केही सामानमा दबाब परे पनि सङ्कटको अवस्था नभएको बताउनुभयो।

सङ्कटको बेला एकले अर्कोलाई सहयोग गर्नुपर्नेमा कमाउने मौका यही हो भनेर कुनै पनि व्यवसायी त्यसरी प्रस्तुत भए तिनलाई जरिवाना तिराउने मात्रै नभई जेलसम्म हाल्नुपर्ने अवस्था आउनसक्ने मन्त्री भट्टको भनाइ छ। काठमाडौँ उपत्यकामा विशेषगरी गुणस्तरीय मानिएको नेपाल ग्यासमा ठूलो दबाब परेको छ। त्यसलाई हटाउने लक्ष्यका साथ नेपाल आयल निगमले मागभन्दा झण्डै दोब्बर ग्यासको सिलिण्डर बजारमा पठाउन निर्देशन दिएको छ तर उपभोक्ताले पनि सङ्कटको बेलामा के हो के भने जसरी आवश्यकभन्दा बढी ग्यासका सिलिण्डर भण्डारण गरेका कारण नयाँ सिलिण्डर नै पाउन मुस्किल परेको छ। नयाँ सिलिण्डर नभएका कारण रिफिलिङ गर्न समस्या देखिएको छ।

सामान्य अवस्थामा ३७ हजार टन ग्यास आयात हुने गरेकामा कोरोना त्रासपछि नेपाल आयल निगमले ४५ हजार टनका लागि प्रोडक्ट डेलिभरी अर्डर(पीडीओ) जारी गरेको छ। यो हालसम्मकै बढी हो। त्यसमा अत्यावश्यक भन्दै थप पाँच हजार टनको व्यवस्था गरिएको हो।

निगमले होलीको समयमा समेत भारतबाट ग्यास आयात र लोडिङ गरिरहेको छ। होलीको समयमा बिदा हुने भए पनि त्यसलाई परवाह नगरी ग्यास लोडिङ गरिएको हो। निगमले सुरक्षालगायतका कारण पनि आवश्यकभन्दा बढी ग्यासको सिलिण्डर नराख्न उपभोक्तालाई आग्रह गरेको छ। ग्यास पाइन्न कि भनेर उपभोक्तामा त्रास बढेपछि निगमले ४४ हजार सिलिण्डर पठाएको छ।

यसअघि उपत्यकामा दैनिक ३० हजार सिलिण्डर मात्रै ग्यास आपूर्ति हुन्थ्यो। उपभोक्तालाई सहज आपूर्ति गर्न थप १४ हजार सिलिण्डर पठाइएको छ। बजारमा कुनै पनि वस्तुको आपूर्ति कम हुन नदिने सबै सरकारी निकाय अहोरात्र परिचालित भएको मन्त्री भट्टको भनाइ छ। "हामीले आपूर्ति कम हुन नदिन सम्भव भएसम्मका सबै उपाय अवलम्बन गरेका छौँ। कर्मचारी पनि परिचालित भएका छन्। कुनै पनि वस्तुको आपूर्तिमा कमी हुन दिइँदैन।"

**कालोबजारी भए ११३७ मा फोन गर्नुस्**

मन्त्री भट्टले आपूर्ति तथा अन्य कुनै समस्या आए ११३७ नम्बरमा फोन गर्न आग्रह गर्नुभयो। पैसा नलाग्ने सो नम्बरमा फोन गरेर आफ्ना समस्या तथा गुनासो राख्न सकिनेछ। कालोबजारी भए, परल मूल्यभन्दा बढी मूल्यमा कुनै सामान बिक्री वितरण गरेको पाइए सो नम्बरमा गुनासो गर्न सकिने मन्त्री भट्टको भनाइ छ। उहाँले केही दिनभित्रैमा साल्ट ट्रेडिङलगायतका स्थानमा पनि हटलाइन सेवाको शुरुआत गरिने जानकारी दिनुभयो। सबै प्रकारका उपभोग्य सामग्रीको अभाव नभएको तर बजारमा केही व्यापारीले अनावश्यकरूपमा नकारात्मक हौवा फैलाएको बताउनुभयो।

हाल साल्ट ट्रेडिङसँग आगामी दशैँसम्म पुग्ने गरी नुन स्टकमा छ। "तर नुन सकिए जसरी प्रचार भयो, यसलाई चिर्न जरुरी भयो", मन्त्री भट्टले भन्नुभयो। यस्तै साविकको खाद्य संस्थानसँग कूल २० हजार मेट्रिक टन धान स्टक छ। उक्त परिमाणको धानबाट मात्रै १४ हजार मेट्रिक टन चामल उत्पादन हुन सक्छ। सरकारी मिलले मात्रै दैनिक एक हजार क्विन्टल बढी चामल उत्पादन गर्ने क्षमता राख्दछ।

बजार अनुगमनलाई अब एकीकृत योजना र कार्यदलमार्फत अगाडि बढाउने सरकारको योजना रहेको मन्त्री भट्टको भनाइ छ। मुलुकका ३७ वटै नाकाबाट प्रवेश गर्ने यात्रुको स्वास्थ्य परीक्षण क्वारेन्टाइन निर्माण तथा तथ्याङ्क सङ्कलन गर्नेसम्मको काम भइरहेको उहाँले जानकारी दिनुभयो।

सो अवसरमा वाणिज्य सचिव वैकुण्ठ अर्यालले सरकारी बिदाको समयमा समेत बजार अनुगमनलाई तीव्र पारिएको, अनुगमन प्रक्रियालाई समेत केही परिवर्तन गरिएको जानकारी दिनुभयो। उपभोक्ताले पनि सरकारलाई सहयोग गर्नुपर्ने उल्लेख गर्दै उहाँले व्यापारीले बढी मूल्य लिए किन भनेर प्रश्न गर्न र सरकारी निकायलाई खबर गर्न उहाँले आग्रह गर्नुभयो।

# महिला स्वास्थ्यको कहालीलाग्दो अवस्था



**डा. रामदेव पंडित**

भनिन्छ, जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ सुशासन र समृद्धि हुन्छ, त्यही भगवान पनि रमाउँछन् । यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । तर मधेशमा महिलाहरूको अवस्था निकै दयनीय छ । त्यहाँका महिलाहरू सम्मानित होइन विभिन्न कारणले पीडा र प्रताडित छन् । मधेशलाई समृद्ध बनाउन मधेशको नेतृत्वले यस अवस्थालाई बदल्न योजनाबद्ध साहस गर्नैपर्छ ।

जनसंख्याको आधा हिस्सा ओगट्ने महिला स्वस्थ नभई स्वस्थ्य नेपालको कल्पना गर्न सकिँदैन । नेपालको संविधान(२०७२)ले महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक, सामाजिक वा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार तराईका भाषा बोल्ने महिलालाई गणना गर्दा त्यस क्षेत्रमा महिलाको कुल संख्या ६७ लाख ७२ हजार ३२३ रहेको छ । जनसंख्यामा यति ठूलो हिस्सा ओगटेको भए पनि तराईका महिला जीवनका हरेक दृष्टिकोणले पछाडि परेको देखिन्छ । उनीहरू वर्गीय, जातीय, लैङ्गिक र सामाजिक विभेदको शिकार हुने गरेका छन् । पितृसतात्मक समाजमा विद्यमान कुरीति र अन्धविश्वासका कारण महिला आफ्ना व्यक्तिगत विषयमा समेत स्वयं निर्णय गर्न पाएका छैनन् ।

शताब्दीयौंदेखि व्याप्त कुसंस्कार, कुरीति र कुप्रथाका नाममा महिलाहरू तराईमा उत्पीडित छन् । 'थर्ड एलायन्स' नामक गैरसरकारी संस्थाकाअनुसार तराईमा हुने बलात्कारका घटनामध्ये केवल १५ प्रतिशत घटना मात्र सार्वजनिक हुने गरेका छन् ।

स्वास्थ्यको कुरा गर्दा तराईका धेरै महिला आधारभूत स्वास्थ्य सुविधाबाट वञ्चित छन् । कतिपय परिवारमा त महिलाले स्वास्थ्य उपचार गर्न समेत घरमा श्रीमान्, सासू, ससुरा, जेठाजुको अनुमति लिनुपर्छ । साथै उपचार गर्न जाँदासमेत ती महिलालाई के भएको हो भन्ने कुरा पनि आफन्तले नै डाक्टरलाई भनिदिनु पर्ने अवस्था आउँछ ।

तराईमा व्याप्त बाल विवाह, जन्मान्तरको फरक कम हुने, कुपोषण, सुत्केरी अवस्थामा उचित हेरचाहको कमीका कारण समस्या भयावह छ । लाजका कारण रोग लुकाएर बसेका महिलाको संख्या ठूलो छ । उनीहरू समाजिक अपहेलनाका हुने भयले उपचारमा नआउँदा समस्या अझ विकराल र उनीहरूका कथा दर्दनाक छ । सरकारले गर्भवती महिलाको मृत्युदर कम गराउन सुरक्षित मातृत्व कार्यक्रममा वर्षेनी करोडौं रूपैयाँ खर्च गरे पनि तराईका केही जिल्लामा भने यो कार्यक्रम प्रभावकारी हुन सकेको छैन ।

मातृ स्वास्थ्यको तथ्यांक केलाउँदा १५–४९ उमेर समूहका महिलामा देखिएको रक्तअल्पताल सबैलाई झस्काउने खालको छ । सन् २००६ मा प्रजनन् उमेरका ३६ प्रतिशत महिलालाई रक्तअल्पता भएको थियो, २०१६ मा यो बढेर ४१ प्रतिशत पुग्यो । प्रदेश २ का महिलाहरूको मात्रै रक्तअल्पताको तथ्यांक लिने हो भने स्थिति झनै खराब देखिनेछ ।

महिलामा रक्तअल्पताको तथ्यांक बढ्नुको अर्थ महिला स्वास्थ्यमा खराबी हुनु हो । सबै गर्भवती महिलालाई आइरन चक्की दिइए पनि रक्तअल्पता किन बढिरहेछ ? यसको जवाफ खोज्नैपर्छ । रक्तअल्पता भएका महिलाको गर्भको बच्चा पनि सानो हुन्छ र कतिपयलाई बचाउनै गाह्रो हुन्छ । अर्कोतिर, रगतको कमी भएका महिलाको प्रसूतिपछि अलिकति रगत बगे पनि मृत्यु हुने सम्भावना बढी हुन्छ ।

सर्वेक्षणहरूले नेपालमा महिला स्वास्थ्यमा सुधार भएको देखाए पनि तराईमा महिलाको अवस्था कहालीलाग्दो छ । स्त्रीरोग विशेषज्ञहरूले प्रजनन् र मातृ स्वास्थ्यबारे गम्भीर तथ्य बाहिर ल्याएका छन् । अस्पताल पुग्नेहरूमा आवश्यकभन्दा बढी शल्यक्रियाले ती क्षेत्रका महिलाहरूको स्वास्थ्यमा नकारात्मक असर परीरहेको छ । अनावश्यक शल्यक्रियाले महिलालाई पिसाब चुहिरहने समस्या (फिस्टुला) भईरहेको पाईएको छ ।

यस्ता समस्याले महिलाको पारिवारिक, सामाजिक र दाम्पत्य जीवन तहसनहस बन्देछ । त्यस्ता महिलाहरू भावनात्मक रूपमा समेत निकै कमजोर मानसिक रूपमा समेत अस्वस्थ हुने गरेका छन् ।

तथ्याङ्ककहरूका अनुसार ४३ प्रतिशत महिलाले प्रसूतिका लागि अहिले पनि स्वास्थ्य सेवा पाएका छैनन् । नेपालको तराई जिल्लाहरूमा ६० देखि ८० प्रतिशत महिलाले प्रसूति सेवा पाएका छैनन् । राजनीतिक गर्नुसँगै अब मधेशको नेतृत्वले यी बियायहरूमा पनि नजर लगाउनु पर्छ ।

सन् २००९ को तुलनामा हाल गर्भवती र सुत्केरी अवस्थामा हुने मातृ मृत्युदरमा कमी आएको देखिन्छ । तर मृत्यु हुने आमाहरूमध्ये बच्चा जन्माइसकेपछि २८ प्रतिशतको मृत्यु हुन्थ्यो भने सन् २०१६ मा यो बढेर ४९ प्रतिशत पुगेको थियो । त्यसैले बच्चा जन्माइसकेपछि कसरी आमाको मृत्यु हुन्छ भन्ने विषयमा गम्भीर अध्ययन हुन आवश्यक देखिन्छ । रगत धेरै बगेर, संक्रमण भएर, मुटुमा समस्या भएर वा अरू धेरै कारणले बच्चा जन्माइसकेपछिको अवस्थामा मातृ मृत्युदर बढेको मानिन्छ ।

गर्भावस्थाको संक्रमण भएर सन् २००९ मा ७ प्रतिशत मातृमृत्यु हुन्थ्यो भने २०१६ मा बढेर १० प्रतिशत पुगेको थियो । गर्भपतनमा जटिलताका कारण १० प्रतिशत मातृमृत्यु हुन्थ्यो भने सन् २०१६ मा यो संख्या बढेर १३ प्रतिशत पुगेको थियो । सुरक्षित गर्भपतनका लागि कानूनले सुविधा दिए पनि अझै स्वतन्त्र र सुरक्षित तरिकाले गर्भपतन गर्ने वातावरण बन्न सकेको छैन ।

गर्भवतिलाई दिइने चक्कीले मात्रै महिलाको कुपोषण र रक्तअल्पता रोक्न सक्दैन । दैनिक जीवनमा सहजै प्राप्त हुने पौष्टिकताले भरिपूर्ण खानेकुराबारे उनीहरूलाई जानकारी दिन पनि छलफल हुनुपर्छ ।

तराईमा २६ प्रतिशत महिलामा पाठेघर खस्ने समस्या रहेको पाइएको छ । भारत सरकार, भारतीय राजदूतावासबाट नेपाल–भारत सहयोग कार्यक्रम अन्तर्गत हेल्दी नेपाल कम्युनिटी फाउण्डेसनले तराईका ९ जिल्लामा गरेको स्वास्थ्य परीक्षण र उपचारसहितको अध्ययनले करिब २६ प्रतिशत महिलामा कुनै न कुनै प्रकारको पाठेघर खस्ने समस्या रहेको पाइएको थियो ।

फाउण्डेसनले तराईका ९ जिल्लाका ४५ हजार महिलाहरूको सन् २०१६ देखि २०१८ सम्म अध्ययन गरेको थियो । ४५ हजार महिलामध्ये ३४ हजार ९ सय ६० को पाठेघर खस्ने समस्या पहिलो स्टेजमा रहेको पाइएको थियो ।

महिलाको पाठेघर तल झर्नुलाई पाठेघर खसेको वा आङ खसेको भनिन्छ । पाठेघरसँगै योनी मार्गका साथमा मूत्रथैली र गुदद्वारको केही भाग समेत झर्ने हुन्छ । समयमा रोकथाम र उपचार भएन भने पछि यो योनीको मुखसम्म आएर महिलालाई साह्रै पीडा दिन्छ । यो समस्या तराईका महिलामा भयावह रूपमा छ । यस अवस्थामा दिसापिसाब गर्दा दुख्ने वा गाह्रो हुने, सम्भोग गर्दा दुख्ने वा गाह्रो हुने, बच्चा जन्माउँदा व्यथा लामो लाग्ने र गाह्रो हुन सक्दछ ।

धनुषा जिल्लाका ७० प्रतिशत महिला अझै पनि घरमै सुत्केरी हुन बाध्य भैरहेको तथ्य एक सरकारी अध्ययनले देखाएको छ । महोत्तरीमा पनि ५२ प्रतिशत महिलाले घरमै बच्चा जन्माएका छन् । रौतहटमा ५१ प्रतिशतले घरमै बच्चा जन्माएको तथ्यांक पाइएको छ । कपिलवस्तुमा ४८ प्रतिशत, सर्लाही र पर्सामा ३६/३६ प्रतिशत र बारामा ३२ प्रतिशतले घरमै बच्चा जन्माएको प्रारम्भिक तथ्यांक स्वास्थ सेवा विभागको थियो ।

तराईका महिलामध्ये पनि दलित र मुस्लमान महिलाको पीडा अरू महिलाको भन्दा बढी छ । यस क्षेत्रको वैवाहिक अवस्थाको प्रसङ्ग कोट्याउँदा कुल महिलाको संख्या ६७ लाख ७२ हजार ३२३ रहेकोमा ६० हजार ३१६ बालिकाको १० वर्षभन्दा कम उमेरमा विवाह भएको देखिन्छ । यसप्रकार अधिकांश महिलाको विवाह १८ वर्ष अगावै भएको भन्न सकिन्छ । विवाहित महिलामध्ये पनि धेरैको २० वर्ष अघि नै बच्चा जन्मिसकेको हुन्छ । यस भयावह अवस्थाबाट सुधार पाउन प्रदेश ०२को 'बेटी पढाउ बेटी बचाउ' अभियानले केही सार्थक परीणाम ल्याउने आशा गर्न सकिन्छ त त्यती मात्र प्रयाप्त छैन । *(मधेश दर्पण फिचर सेवा)*

# यूएईमा दुई नेपाली कोरोना भाइरसले संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ फागुन ।**

संयुक्त अरब इमिरेट्स (यूएई) मा दुई जना नेपालीमा कोरोना भाइरस (कोभिड–१९) को संक्रमण देखिएको छ । दुई जना नेपालीसहित १४ जना नयाँ संक्रमित थपिएको यूएईको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

दुई जना नेपालीसहित यूएईका चार जना, इटलीका तीन जना, बङ्गलादेशका दुई जना, रुसका एक जना, भारतका एक जना र सिरियाका एक जनामा कोरोनाको संक्रमण देखिएको हो ।

१४ जना नयाँ संक्रमित थपिएसँगै यूएईमा कोरोना संक्रमितको संख्या ५९ पुगेको स्वास्थ्य विभागले प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ ।

यसअघि संक्रमित भएका र क्वारेन्टाइनमा रहेका व्यक्तिहरु को सम्पर्कमा आएका व्यक्तिहरु नयाँ संक्रमित भएको मन्त्रालयले जनाएको छ ।

चीनमा महामारीको रुप लिएपछि यूएईका अधिकारीहरुले देशमा भाइरसको प्रसारको निगरानी र उच्चतम चिकित्सा मानकअनुसार यसलाई नियन्त्रण गर्न कुनै प्रयास नगरेको मन्त्रालयले पुष्टि गरेको उज्यालो अनलाइनले जनाएको छ ।

## विश्व समाचार

### तेलको मूल्यमा २५ प्रतिशत गिरावट, विश्व बजारमा असर

न्यूयोर्क, २६ फागुन (रासस/एपी) ।

कोरोना भाइरसका कारण सिर्जित समस्याका कारण खनिज तेलको मूल्यमा भारी गिरावट भएको छ । अन्तरराष्ट्रिय मापदण्डको ब्रेन्ट क्रुडको लन्डनको कारोबारमा प्रतिब्यारेल ११.४४ अमेरिकी डलर अर्थात् २५.३ प्रतिशत गिरावट आएको छ । लन्डनमा प्रति ब्यारेल ३३.३३ अमेरिकी डलरमा कारोबार भएको छ ।

यो नाटकीय गिरावटसँगै अमेरिकी खनिज तेलको मूल्यमा पनि शुक्रबार १०.१ प्रतिशत गिरावट आएको छ, र पाँच वर्ष यताकै यो सबैभन्दा ठूलो नोक्सानी हो । मूल्यलाई स्थिर राख्न उत्पादनमा के कति कटौती गर्ने भन्ने विषयमा ठूला तेल उत्पादक राष्ट्र साउदी अरेबिया, रसिया र अरु तेल उत्पादक मुलुकबीच मतैक्य नभएपछि यस्तो समस्या आएको हो ।

विश्वव्यापी तेल बजारमा देखिएको उथलपुथलकै कारण मध्यपूर्व र एसियाली शेयर बजारमा व्यापक गिरावट आएको छ । तेलको मूल्यमा गिरावट आउँदा दक्षिण कोरिया, जापान र चीनलाई फाइदा पुग्ने अवस्था देखिए पनि विषम अस्थिरताले अर्थतन्त्रलाई ठूलो नोक्सानी गर्नेछ ।

मानिसको यात्रामा कटौती भएका कारण ऊर्जाको मागमा कमी आएको छ । कोरोनाभाइरसका कारण अर्थतन्त्रको गति सुस्त हुनुको अर्थ मागमा कमी आउनु पनि हो । एक्सीकर्पका प्रमुख बजार रणनीतिकार स्टिफेन इन्सले साउदी अरेबियाले बजार हिस्सा ओगट्ने उद्देश्यसहित तेलको उत्पादन अझ बढाउन सक्ने बताउनुभयो । विश्व तेल बजारमा यस्तै तर्क विगतमा पनि गरिएका थिए ।

सन् २०१४ मा ओपेकले अमेरिकी तेल नीतिमा आएको फेरबदललाई ध्यानमा राखी तेल उत्पादन कटौती गर्नुको साटो बढाएको थियो । यसबाट १०० अमेरिकी डलर प्रतिब्यारेल पुगिसकेको तेलको मूल्य सन् २०१५ मा ४० डलरभन्दा तल झरेको थियो । अमेरिकी शेयर बजार पनि गत महिनाको तुलनामा १२.२ प्रतिशतले घटिसकेको छ ।

### सुडानका प्रधानमन्त्री हामडोकमाथि आक्रमणको प्रयास

कायरो, २६ फागुन (रासस/एपी) ।

सुडानका प्रधानमन्त्री अब्दल्ला हामडोकमाथि सुडानको राजधानी खार्तुममा आक्रमणको प्रयास भएको सुडानको सरकारी मिडियाले जनाएको छ । प्रधानमन्त्री चढेको सवारी साधनलाई लक्षित गरी राजधानी खार्तुममा विस्फोट गराइएको प्रहरीको भनाई छ ।

प्रधानमन्त्री हामडोकको परिवारका अनुसार प्रधानमन्त्री सकुशल र सुरक्षित रहनु भएको छ । सुडानको सरकारी टेलिभिजनले कार्यालयतर्फ जाँदा बाटोमा बम विष्फोटन गराइएको जनाएको छ । तत्कालै सुरक्षाकर्मीले उहाँलाई "सुरक्षित स्थलमा" लगेका थिए । उक्त आक्रमणको तत्काल कसैले जिम्मेवारी लिएको छैन ।

अनलाइनमा पोष्ट गरिएको फुटेजमा प्रधानमन्त्री हामडोक चढ्नु भएको सवारी साधन सहित दुईवटा सेता, जापानी सवारीसाधन सडकको किनारामा देखिएका थिए जसका झ्यालका शिशा फुटेका थिए । विस्फोटमा अर्को एउटा गाडी नराम्ररी क्षतिग्रस्त भएको थियो ।

प्रजातन्त्र समर्थकको चर्को दबाबबीच गत अगष्टमा हामडोक सुडानको प्रधानमन्त्री बन्नु भएको थियो । जनप्रदर्शन व्यापक बन्दै गएपछि सुडानको सेनाले गत अप्रिलमा तत्कालीन राष्ट्रपति ओमर अल बशीरलाई सत्ताच्यूत गरी सेनाले सत्ता आफ्नो हातमा लिएको थियो ।

महिनौंको छलफलपछि सेना र प्रजातन्त्रवादी आन्दोलनबीच गत अगस्टमा सत्ता–साझेदारी गर्नेगरी सम्झौता भएको थियो । सम्झौता अन्तर्गत ११ सदस्यीय संयुक्त सैन्य–नागरिक सार्वभौम परिषद स्थापना गरिएको थियो । यस परिषदले सुडानमा आगामी तीन वर्ष शासन सञ्चालन गर्ने र प्रधानमन्त्रीमा नागरिक प्रतिनिधिका रुपमा हामडोकलाई नियुक्त गर्ने सहमति भएको थियो । सैन्य जनरल देशको शासनसत्ता नागरिक नेतृत्वको प्रशासनलाई हस्तान्तरण गर्न त्यति इच्छुक देखिएका छैनन ।

### रोनाल्डिन्होलाई आफ्नो राहदानी नक्कली भन्ने थाहै थिएन : वकिल

आसुनसिओन, २६ फागुन (रासस/एएफपी) ।

ब्राजिलका विश्वप्रसिद्ध फुटबल खेलाडी रोनाल्डिन्होले जानाजान नक्कली राहदानी (पासपोर्ट) नबोकेको उहाँका ब्राजिली वकील सर्जिओ क्वीरोजले दाबी गर्नु भएको छ । क्वीरोजले रोनाल्डिन्होलाई तत्काल रिहा गर्न पाराग्वेका सरकारी अधिकारी समक्ष आग्रह पनि गर्नुभएको छ ।

पाराग्वेमा पक्राउ परेका रोनाल्डिन्हो र उहाँका भाइ रोबर्टोले नक्कली कागजात पेश गरेको पाराग्वेका अधिकारीले बताएका छन् । उनीहरु दुवै जना यही मामिलामा विगत तीन दिनदेखि पाराग्वेको राजधानी आसुनसिओनको जेलमा थुनिएका छन् ।

वकील क्वीरोजले भन्नुभयो, "रोनाल्डिन्होले कुनै अपराध गर्नुभएको छैन किनभने उहाँलाई दिइएको पासपोर्ट नक्कली हो भन्ने उहाँलाई पनि थाहा थिएन ।" पाराग्वेका अधिकारीले जेलमा रोनाल्डिन्होको व्यवहार निकै राम्रो भएको र न्यायाधीशले पनि उहाँप्रति सहानुभूति देखाउने सम्भावना रहेको बताएका छन् । रोनाल्डिन्हो र उहाँका भाइ रोबर्टो ब्राजिलबाट गत बुधबार पाराग्वे आइपुग्नु भएको थियो । विमानस्थलमा सामान्य जाँच गरेर होटल पुगेका रोनाल्डिन्हो र उहाँका भाइको कोठामा केही घण्टापछि प्रहरीले छापा मारेको थिए ।

# मुख्यमन्त्रीलाई महामुर्ख र राजपा महासचिव सुमनलाई पटमुर्ख घोषणा




**दैनिक समाचारदाता**
**जनकपुरधाम, २६ फागुन ।**

होली पर्वको अवसरमा मिथिला नाट्कला परिषदले प्रत्येक वर्ष एक विशिष्ट व्यक्तित्वलाई दिने महामुर्खको पदवी यस वर्ष प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतलाई प्रदान गरेको छ । यस्तै राजपाका महासचिव एवं प्रदेश सांसद मनिष सुमनलाई पटमुर्खको उपाधि घोषणा गरिएको छ ।

जनकपुरधामस्थित जानकी मन्दिर प्रांगणमा सोमबार भएको महामुर्ख सम्मेलनमा दुबैजनालाई महामुर्ख र पटमुर्खको घोषणा गरिएको हो ।

मिथिलाको कला संस्कृतिलाई संरक्षण सम्बर्द्धन गर्ने उद्देश्यले मिनापले प्रत्येक वर्ष होली पर्वको अवसरमा जनकपुरधाममा हास्यव्यंग्य सांस्कृतिक कार्यक्रम महामुर्ख सम्मेलन गर्दै आएको छ ।

त्यस्तै प्रदेश सांसद रामअशिष यादवलाई हराशंख, नेकपा प्रदेश सांसद रामचन्द्र मण्डल सिलौटा, राजपाका प्रदेश सांसद प्रमेश्वर साहलाई भभकौवा, जनकपुरधामकी उपमेयर रीता झालाई टुनमुसरी, पत्रकार महासंघ धनुषा शाखा अध्यक्ष अनिल मिश्रलाई लोढाशंकर, मैथली विकास कोषाका अध्यक्ष जिवनाथ चौधरीलाई घरघुसना, साहित्यकार रोशन जनकपुरीलाई बेलगोवना, युव अभियन्ता सुशील कर्णलाई बेश कुल्हैर, पिपरा नगरपालिका प्रमुख विक्रम चौधरीलाई खाप सुरत, पुनम झालाई अदलबदली, बलराम साहलाई बज्रकिट उपाधि प्रदान गरेको छ ।

# मुख्यमन्त्री राउतद्वारा होली पर्वको शुभकामना

जनकपुरधाम, २६ फागुन (रासस) ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले आपसी भाइचारा र सद्भावका रूपमा शान्तिपूर्ण ढङ्गले हर्षोल्लासपूर्वक होली पर्व मनाउन आह्वान गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्द्वारा सोमबार यहाँ जारी विज्ञप्तिमा उहाँले देश-विदेशमा रहनुभएका सम्पूर्ण नेपालीलाई शुभकामना व्यक्त गर्दै सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोतर प्रगतिको कामना गर्नुभयो । जनकपुरको ऐतिहासिक तथा सांस्कृतिक धरोहरका रूपमा रहेको मध्यमिथिला डोला परिक्रममा सहभागी हुनुभएका सम्पूर्ण साधुसन्त एवं धर्मानुरागीमा मुख्यमन्त्री राउतले विज्ञप्तिमार्फत शुभकामना दिनुभएको छ ।


# हार्दिक समवेदना



**स्व. प्रकाश कुमार चौधरी**

महुली सामुदायिक विकास केन्द्र वक्धुवा सप्तरीका कार्यकारी निर्देशक प्रभुनारायण चौधरीका २६ वर्षिय छोरा प्रकाशकुमार चौधरीको २०७६ फागुन २५ गते मोटरसाइकल दुर्घटनामा परि असमायिक निधन भएको घटनाले हामी स्तब्ध छौं । दुःखको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**शम्भुनन्द चौधरी, अध्यक्ष**
**गैसस महासंघ, नेपाल, सप्तरी**


# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, Himal Remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*